मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : ८२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ माघ २४ गते शनिबार (Saturday, 7 February. 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## हवल्दार नै रास्वपाको चुनावी प्रचारमा लागेपछि...

**काठमाडौं, माघ २३।** नेपाल प्रहरीका एकजना बहालवाला हवल्दार नै राष्ट्रिय स्वतन्त्र पार्टीको चुनावी प्रचारमा लागेको पाइएको छ ।

सामाजिक सञ्जाल फेसबुक र टिकटकसहितमा रास्वपाको प्रचार गरिरहेका उनलाई शुक्रबार जिल्ला प्रहरी कार्यालय पर्साले वीरगञ्जस्थित नेशनल मेडिकल कलेजबाट नियन्त्रणमा लिएको हो ।

रवि लामिछाने नेतृत्वको रास्वपालाई सहयोग मिल्ने गरी चुनावी प्रचारमा जुटेका हवल्दार श्यामनारायण

(बाँकी अन्तिम पृष्ठमा)

## सामाजिक सञ्जालबाट प्रलोभनमा पारेर ठगी

**झापा, माघ २३।** सामाजिक सञ्जाल फेसबुक, टिकटक, भाइबर तथा ह्वाटस्यापको प्रयोग गरेर मानिसहरूलाई 'आकर्षक आम्दानी हुने' देश पुऱ्याइदिने प्रलोभन दिएर पैसा लिएको र पासपोर्ट लिएर ठगी गरेको उजुरीहरू दिनहुँ बढ्दै गएका छन् ।

सामाजिक सञ्जालमा आकर्षक विज्ञापन गर्ने अनि मानिसहरूलाई प्रलोभनमा पार्ने क्रम बढेको देखिएको वैदेशिक रोजगार विभागले जनाएको हो । खासगरी युरोपेली देशहरू पठाइदिने नाममा दिनहुँ ठगी घटना बढेको पाइएको छ ।

त्यस्तै रोजगारीका लागि अष्ट्रेलिया र स्लोभाकिया पठाउने भन्दै रु. १७ लाख ५० हजार ठगी गरेको अभियोगमा प्रहरीले दुई जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ ।




पक्राउ पर्नेमा काभ्रेपलाञ्चोकको पाँचखाल नगरपालिका-३ बस्ने ३५ वर्षीय रुपेश लामिछाने र धादिङको खनेबा गाउँपालिका-३ बस्ने ३५ वर्षीय हिरा तामाङ रहेका काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवम् प्रहरी उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिए ।

उनले भने- पक्राउ परेकामध्ये लामिछानेले अष्ट्रेलिया पठाउने भन्दै रु. नौ लाख र तामाङले स्लोभाकिया पठाउने भन्दै रु. आठ लाख ५० हजार लिई सम्पर्कविहीन भएको उजुरीका आधारमा उनीहरुलाई पक्राउ गरिएको हो । पक्राउ परेका दुवै जनालाई थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रवक्ता कार्कीले बताए ।

त्यसैगरी बेलायत पठाइदिन्छु भन्दै बेरोजगार युवायुवतीलाई ठगी गर्ने एक महिलालाई प्रहरीले पक्राउ गरेको छ । आकर्षक तलबको प्रलोभन देखाएर ७ लाख ९० हजार रुपैयाँ ठगी गरेको आरोपमा नुवाकोटको तार्केश्वर गाउँपालिका-१ घर भई हाल काठमाडौँ बस्ने ३६ वर्षीया कुमारी तामाङ पक्राउ परेकी हुन् ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका अनुसार तामाङले दुई जनालाई बेलायत लैजाने भन्दै लामो समयसम्म झुक्यानमा राखेकी थिइन् । विदेश नपठाइ रकम लिएर सम्पर्कविहीन

(बाँकी अन्तिम पृष्ठमा)

## सिरिन्ज प्रहार गरी हत्या

### हत्यामा संलग्न एमवीवीएस पढ्ने दीपेशकुमार सिंह पक्राउ, प्रहरीमा उजुरी दिएको रिस

**झापा, माघ २३।** झापाको भद्रपुर नगरपालिका-१० त्रिवेणी टोलस्थित आफ्नै घरमा रहेका ६६ वर्षीय खेमराज ढकालको केमिकल लोड गरिएको सिरिञ्जले घाँटीमा प्रहार गरेर हत्या गरिएको छ। घटना बिहीबारसाँझ करिब ६:२० बजे भएको हो ।

जिल्ला प्रहरी कार्यालय झापाका अनुसार ढकाल परिवारसँग घरमै बसिरहेको अवस्थामा २६ वर्षीय दीपेशकुमार सिंहले आफूसँग ल्याएको केमिकल लोड गरिएको सिरिन्जले एक्कासी ढकालको घाँटीमा प्रहार गरेका थिए । गम्भीर घाइते भएका ढकाललाई तत्काल उपचारका लागि भद्रपुरस्थित ओमसाई पाथीभरा अस्पताल पुऱ्याइए पनि चिकित्सकले मृत घोषणा गरेका थिए ।

प्रहरीका अनुसार अभियुक्त सिंह सिराहाको बिष्णुपुर गाउँपालिका-१ स्थायी घर भएका र हाल बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान घोपामा एमबीबीएस चौथो वर्षमा अध्ययनरत् छन् । घटना



भएको दिन बिहानै पनि उनले 'अवकाशप्राप्त शिक्षक चाहिएको छ' भन्ने बहाना बनाएर ढकालको घर पत्ता लगाएको खुलेको छ ।

मृतककी छोरी पनि सोही प्रतिष्ठानमा एमबीबीएस तेस्रो वर्षमा अध्ययनरत् रहेको र सामान्य चिनजान रहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ । करिब ८/९ महिना अघि अभियुक्तले मृतककी छोरीको बदनाम गर्ने नियतले फोटो सम्पादन (एडिट) गरी पठाउने गरेको भन्दै इलाका प्रहरी कार्यालय धरानमा उजुरी परेको प्रहरीले जनाएको छ ।

घटना लगत्तै २०८२ माघ २२ गते नै अभियुक्तलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी खगेन्द्रबहादुर खड्काले जानकारी दिए । सिरिन्जमा प्रयोग गरिएको तरल पदार्थमा के-कुन तत्व मिसिएको थियो भन्ने कुरा प्रयोगशाला परीक्षणपछि मात्रै खुल्ने प्रहरीले जनाएको छ । अभियुक्तविरुद्ध मुलुकी अपराध संहिता, २०७४ अन्तर्गत ज्यान सम्बन्धी कसूरमा कारबाही तथा विस्तृत अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

## दन्तमञ्जन र सौन्दर्य सामग्रीमा हानिकार सिसा !

**काठमाडौं, माघ २३।** नेपाल चिकित्सक संघले दैनिक प्रयोगमा आउने दन्तमञ्जनसहित मुख तथा दन्त सरसफाईका सामग्री र विभिन्न सौन्दर्य सामग्रीमा मानव स्वास्थ्यका लागि हानिकारक सिसा (लिड) को मात्रा पाइएको भन्दै गम्भीर चिन्ता व्यक्त गरेको छ ।

जनस्वास्थ्य तथा वातावरण प्रवर्द्धन केन्द्र ( सेफेड) ले हालै सार्वजनिक गरेको अध्ययन प्रतिवेदनले गम्भीर तथ्य देखाएको भन्दै संघले बालबालिकासहित आमनागरिकको स्वास्थ्यमा गम्भीर असर पुऱ्याउने यस्ता सामग्रीको गुणस्तर मापन गरी कडा नियमन गर्न नेपाल सरकारसँग माग गरेको छ । शुक्रवार एक विज्ञप्ति जारी गर्दै संघले देशका विभिन्न शहरका पसलबाट संकलन गरिएका नमूनाको परीक्षण गर्दा ३१ प्रतिशत नमूनामा अन्तर्राष्ट्रिय रूपमा स्वीकृत मापदण्डभन्दा बढी सिसा भेटिएको तथ्य सार्वजनिक हुनु गम्भीर विषय भएको जनाएको छ । विशेषगरी दैनिक प्रयोग हुने दन्तमञ्जनका ४५ प्रतिशत नमूना र बालबालिकाका लागि बजारमा उपलब्ध केही सामग्रीमा समेत सिसा भेटिएको जनाइएको छ ।

बालबालिकामा सिसाको असरले बौद्धिक विकासमा अवरोध, सिकाइमा कठिनाइ, व्यवहारिक समस्या देखिनुका साथै दीर्घकालीन रूपमा दृष्टि, श्रवण र स्नायु प्रणालीमा गम्भीर नकारात्मक प्रभाव पार्ने वैज्ञानिक प्रमाणहरू रहेको संघले उल्लेख गरेको छ ।

## कोइलाखानी बिस्फोटमा खोटाङका दुई युवकको मृत्यु,



**खोटाङ, माघ २३।** भारतको मेघालयस्थित एउटा कोइलाखानीमा भएको विस्फोटमा परेर खोटाङको बराहपोखरी गाउँपालिका निवासी एउटै घरका दुई जना दाजुभाइको घटनास्थलमै मृत्यु भएको छ ।

मेघालयस्थित उम्साङघाटमा सञ्चालित कोइलाखानीमा बिहीबार भएको विस्फोटमा परेर बराहपोखरी गाउँपालिका-१ बराहपोखरीस्थित सालघारीभञ्ज्याङ निवासी २७ वर्षीय पूर्णबहादुर खपाङ्गी मगर र २४ वर्षीय सुरेन्द्र खपाङ्गी मगरको घटनास्थलमै मृत्यु भएको हो ।

बराहपोखरीस्थित सालघारीभञ्ज्याङका खड्गबहादुर खपाङ्गी मगर र टङ्ककुमारी खपाङ्गी मगरका छोरा पूर्णबहादुर दाजु र सुरेन्द्र भाइ भएको स्थानीय शिवकुमार श्रेष्ठले जानकारी दिए । सोही घटनामा बराहपोखरीस्थित भञ्ज्याङका बमबहादुर खपाङ्गी मगर, कर्णबहादुर खपाङ्गी मगर, नरबहादुर खपाङ्गी मगर र उदयपुर साउनेका ललितबहादुर मगर घाइते भएका छन् । मेघालय पुगेर कोइलाखानीमा काम गर्ने सात जनाको टोलीमध्ये बराहपोखरीस्थित वालम्पाका ताराबल मगरमात्र सकुशल रहेको जनाइएको छ । विस्फोटपछि ताराबलले नै फोनमार्फत घटनाका बारेमा जानकारी गराएका थिए ।

दुर्घटनाका घाइते चार जनाको अवस्था गम्भीर रहेको तारा बलले जानकारी दिए। दुर्घटनामा पूर्णबहादुर र सुरेन्द्रको मृत्यु भएपछि उनीहरूको शव पर्खेर बसेको छु। यहाँ कोही चिनेजानेका मानिस छैनन् । चिनेजानेका मानिस कोही नहुँदा समस्यामा छु- उनले भने- घाइतेहरूलाई उद्धार गरेर अस्पताल लगेको छ । उनीहरूको पनि अवस्था चिन्ताजनक छ। यसप्रति सम्बन्धित निकायको ध्यान जाओस् ।

दुर्घटनाका मृतक तथा घाइतेहरू रोजगारीका लागि गत पुस ३ गते घरबाट मेघालय गएको छिमेकी श्रेष्ठले जानकारी दिए। मृतक मगर दाजुभाइमध्ये पूर्णबहादुर विवाहित र सुरेन्द्र अविवाहित रहेको स्थानीयले बताएका छन् । रोजगारीको सिलसिलामा मेघालय पुगेका आफन्तको डेढ महिना नपुग्दै दुर्घटनामा परेर मृत्यु भएपछि परिवारका सदस्यहरु चिन्तित बनेका छन् । खोटाङका विभिन्न ठाउँका स्थानीय युवा

(बाँकी अन्तिम पृष्ठमा)

## एआई प्रयोग गरी भ्रम फैलाउने माथि कारबाही



**झापा, माघ २३।** झापामा प्रतिनिधिसभा सदस्य निर्वाचनसँग जोडेर एआई प्रविधिको दुरुपयोग गर्दै भ्रामक समाचार र तस्वीरको प्रयोग गर्दै भ्रम फैलाउने कार्यमा संलग्नमाथि कारबाही प्रक्रिया अघि बढाइएको छ ।

जिल्ला प्रशासन कार्यालय झापाले शुक्रवार एक सूचना जारी गर्दै झापा निर्वाचन क्षेत्र नम्बर ५ अन्तर्गत कमल गाउँपालिका-२ क्याम्पा बजारमा रहेको राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार बालेन्द्र शाह (बालेन) को सम्पर्क कार्यालय नजिकैको एक घरमा माघ २१ गते राति करिब १२:१५ बजे ढुङ्गा प्रहार हुँदा झ्यालको सिसा फुटेको घटनाबारे जाहेरी परेपछि अनुसन्धान अघि बढाइएको जनाएको छ ।

जिल्ला प्रशासन कार्यालय झापाले उक्त घटनालाई लिएर वास्तविक अवस्था भन्दा फरक देखिने गरी एआई प्रयोग गरेर गम्भीर प्रकृतिको तोडफोड भएको जस्तो तस्वीर तयार पारेर सामाजिक सञ्जालमा फैलाएको पाइएको जनाएको छ । त्यसरी भ्रामक सूचना प्रवाह गर्ने व्यक्ति वा समूहको पहिचान गरी कारबाही गर्न सम्बन्धित निकायमा

(बाँकी अन्तिम पृष्ठमा)

## 'राजनीतिमा नयाँ पुस्ताको प्रवेश सकारात्मक'

**झापा, माघ २३।** नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले राजनीतिक क्षेत्रमा नयाँ पुस्ताको प्रवेशलाई स्वाभाविक र सकारात्मक रूपमा लिनुपर्ने बताएका छन् ।

गृह जिल्ला झापा आगमनका क्रममा उनले शुक्रवार चन्द्रगढी विमानस्थलमा पत्रकारहरुसंग संक्षिप्त कुराकानी गर्दै सिक्ने चाहना र राजनीतिक सक्रियताको आकांक्षा राख्ने युवा पुस्तालाई निरुत्साहित गर्नु गलत हुने धारणा व्यक्त गरे । अध्यक्ष ओलीले नयाँ भाइ, भतिजा र छोराको पुस्ताले 'सिक्छु, राजनीतिमा लाग्छु' भन्नु गलत नभएको स्पष्ट पार्दै, राजनीतिमा पुस्तान्तरण आवश्यक रहेको बताए । 'अनुभव र ऊर्जाको संयोजनले



मात्रै राजनीतिक संस्कार सुदृढ हुन सक्छ'- उनले भने ।

झापा क्षेत्र नम्बर ५बाट आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा एमालेका तर्फबाट उम्मेदवारी दर्ता गराएका पूर्व प्रधानमन्त्री

(बाँकी अन्तिम पृष्ठमा)

**आगो, हिटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं ।**

- आगो तथा हिटर नजिकबाट नतापौं ।
- कागज कपडा जस्ता छिटो जल्ने सामग्री आगो वा हिटर नजिक नराखौं ।
- कोठामा आगो, हिटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं ।
- आगो तथा हिटर बन्द गरेर मात्र सुतौं ।
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं ।
- बालबालिका, बृद्ध वा विरामीलाई आगो वा हिटर नजिक एक्लै नछोडौं ।
- घर तथा कार्यालयमा अग्निनियन्त्रक उपकरण राखौं
- आगो, हिटर र विजुलीको काम सकिनासाथ बन्द गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

आजबाट झापा गोल्डकप

## झापा ११ र नेपाल पुलिस क्लब मैदानमा

**झापा, माघ २३।** नेपालकै चर्चित फुटबल प्रतियोगिता झापा गोल्डकपको सातौं संस्करण आज शनिवारबाट शुरु हुँदैछ ।

माघ २४ गतेदेखि शुरु भएर आगामी फागुन ४ गते समापन हुने प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको शुक्रवार डोमालाल राजवंशी रंगशालामा आयोजित पत्रकार सम्मेलन मार्फत जानकारी गराइयो ।

झापा गोल्डकपका पूर्वअध्यक्ष बिनोद वस्नेतको स्मृतिमा आयोजना गरिएको झापा गोल्ड कपमा यस वर्ष पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका क्लबहरूको सहभागिता रहने झापा गोल्डकपका अध्यक्ष केदार गिरीले जानकारी दिए ।

प्रतियोगितामा नेपालका 'ए' डिभिजनका क्लबसँगै भारतका चर्चित क्लबहरूको समेत सहभागिता रहने छ। बिर्तामोड नगरपालिका संरक्षक रहेको प्रतियोगिताको मुख्य प्रायोजक एक्स्ट्रिम इनर्जी ड्रिंक्स रहेको जनाइएको छ ।

त्यस्तै, अन्तर्राष्ट्रिय झापाली समाज, किंग्सबेरी इन्टरटेनमेन्ट र मेची आँखा अस्पताल मुख्य सह




प्रायोजक रहेको पत्रकार सम्मेलनमा जानकारी दिइयो । नेपालमै सबैभन्दा बढी फुटबलको गतिविधि हुने जिल्लाको रुपमा रहेको झापा जिल्लालाई फुटबल हवको रुपमा विकसित गराउन झापा गोल्डकप एक दशकदेखि लागीपरेको अध्यक्ष गिरीले बताए ।

झापा ११ फुटबल क्लब घरेलु टिमको रुपमा रहेको प्रतियोगिताको बिजेता टिमले नगद १५ लाख र उपबिजेताले नगद ७ लाख ५० हजार रुपैयाँ पाउनेछन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई एकथान यमाहाको मोटरसाइकल प्रदान गरिनेछ । प्रतियोगिताका सर्वाधिक गोलकर्ता, उत्कृष्ट गोलकिपर र उत्कृष्ट प्रशिक्षकले नगद ३५ हजार रुपैयाँ पुरस्कार पाउनेछन् । प्रत्येक खेलको प्लेयर अफ द म्याचले नगद २५ हजार रुपैयाँ पाउनेछन् । विधागत पुरस्कारको सौजन्य अमेरिका निवासी रोशनलाल श्रेष्ठसहितको टिमले गरेको पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

प्रतियोगितामा आयोजकको तर्फबाट झापा ११ फुटबल क्लबसहित चर्च ब्वाइज युनाइटेड, त्रिभुवन आर्मी फुटबल क्लब, एपीएफ फुटबल क्लब, नेपाल पुलिस क्लब, मच्छिन्द्र फुटबल क्लब, लालीगुराँस एशोसिएशन नेपाल पोखरा, रोयल थिम्पू कलेज भुटान, सिंग्लिङ स्पोर्टिङ क्लब भारत र एन पेनाङ फुटबल क्लब मलेसियाको सहभागिता रहनेछ ।

दर्शकहरूमाझ अत्यन्त लोकप्रिय झापा गोल्डकप यो वर्ष गोल नेपालमार्फत प्रत्यक्ष प्रशारण हुनेछ । झापा गोल्डकपलाई सुरक्षित, अनुशासित र भव्य रूपमा सम्पन्न गर्न स्थानीय प्रशासन, सुरक्षा निकाय, सरोकारबाला संस्था, प्रायोजक तथा स्वयम्सेवकहरूसँग आवश्यक समन्वय पूरा भइसकेको छ। सातौं

(बाँकी अन्तिम पृष्ठमा)



## सऱ्यो 'कोशी एक्सिलेन्स अवार्ड २०२६'

**इटहरी, माघ २३।** कोशी प्रदेशको पर्यटन, व्यापार तथा सामाजिक-सांस्कृतिक पहिचान प्रवर्द्धन गर्ने उद्देश्यले नयन मिडिया फाउण्डेशनद्वारा आयोजना हुँदै आएको 'कोशी एक्सिलेन्स अवार्ड २०२६' को मिति निर्वाचन आचारसंहिताका कारण परिवर्तन गरिएको छ ।

पूर्वनिर्धारित कार्यतालिका अनुसार उक्त अवार्ड कार्यक्रम फागुन ७ गते इटहरीस्थित सोल्टी वेस्टेन्ड होटलमा आयोजना गर्ने तय गरिएको थियो । फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन सम्पन्न हुन गइरहेको र निर्वाचन आयोग नेपालले जारी गरेको आचारसंहितालाई पूर्ण रूपमा पालना गर्नुपर्ने अवस्थालाई मध्यनजर गर्दै कार्यक्रमको समयतालिका पुनरावलोकन गरिएको आयोजकले एक विज्ञप्ति जारी गर्दै जनाएको हो । निर्वाचन आयोगबाट प्राप्त निर्देशन, मार्गदर्शन र सुझाव अनुसार निर्वाचन सम्पन्न भएपछि मात्रै कार्यक्रम आयोजना गर्ने निर्णय गरिएको विज्ञप्तिमार्फत जानकारी गराइएको छ ।

सो निर्णयअनुसार अब 'कोशी एक्सिलेन्स अवार्ड २०२६' वि.सं. २०८२ साल चैत्र ७ गते सोल्टी वेस्टेन्ड होटल, इटहरीमै आयोजना हुने गरी नयाँ मिति तय गरिएको छ । अवार्डका लागि छनोटमा परेका व्यक्तित्वहरू, सहयोगी तथा साझेदार संस्थाहरू, सरोकारवाला निकायहरू र शुभेच्छुकहरूलाई यसबारे औपचारिक जानकारी गराइएको छ ।

'कोशी एक्सिलेन्स अवार्ड' कोशी प्रदेशका विभिन्न क्षेत्रहरूमा नेतृत्व, उद्यमशीलता, नवप्रवर्तन, सामाजिक उत्तरदायित्व, संस्थागत उत्कृष्टता तथा दीर्घकालीन योगदानमार्फत सकारात्मक प्रभाव सिर्जना गरेका व्यक्ति तथा संस्थाहरूको पहिचान र सम्मान गर्ने उद्देश्यसहित सञ्चालन हुँदै आएको कार्यक्रम हो । गतवर्ष सम्पन्न पहिलो संस्करणले स्थापित गरेको विश्वास र गरिमाका आधारमा दोस्रो संस्करणलाई अझ प्रभावकारी र सन्देशमूलक बनाउने लक्ष्य आयोजकले लिएको जनाएको छ ।

निर्वाचनको संवेदनशील समयमा आयोगले तोकेका नियम, सर्त र मापदण्डको सम्मान गर्नु सबैको साझा दायित्व भएको उल्लेख गर्दै मिति परिवर्तनका कारण सरोकारवालामा पर्न गएको असुविधाप्रति नयन मिडिया फाउण्डेशनले क्षमायाचना गरेको छ । नयाँ मितिमा कार्यक्रमलाई थप सुव्यवस्थित, मर्यादित र उच्चस्तरीय रूपमा सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ ।

नयन मिडिया फाउण्डेशनका अध्यक्ष पवन अधिकारीले निर्वाचन आचारसंहिताको पूर्ण सम्मान गर्दै कार्यक्रमको मिति परिवर्तन गरिएको र नयाँ मितिमा अझ व्यवस्थित रूपमा अवार्ड वितरण कार्यक्रम सम्पन्न गरिने बताए ।

## आचारसंहिता उल्लंघन गर्नेलाई ३४ वटा स्पष्टीकरण

**काठमाडौं, माघ २३।** निर्वाचन आयोगले निर्वाचन आचारसंहिता कार्यान्वयनको अनुगमन र नियमन निर्वाचन आचारसंहिताको प्रभावकारी परिपालना गराई उल्लंघनका घटनालाई न्यूनीकरण गर्न प्राप्त उजुरीमा आवश्यक जाँचबुझ र कारबाहीको प्रक्रिया अघि बढाइरहेको जनाएको छ ।

शुक्रवार पत्रकार सम्मेलन गरेर आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुगमन अधिकृत तथा सम्बन्धित निर्वाचन कार्यालयहरू क्रियाशील रहेको बताए ।

उनले भने- 'जिल्लास्तरमा आचारसंहिता अनुगमनलाई प्रभावकारी बनाई कार्यान्वयन सुनिश्चितताका लागि निर्वाचन आचारसंहिता-२०८२को दफा ३२ बमोजिम ७७ वटै जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीलाई आर्थिक बाहेकका अन्य विषयमा र प्रमुख कोष नियन्त्रक/कोप नियन्त्रकलाई आर्थिक विषयमा अनुगमन गर्न आचारसंहिता अनुगमन अधिकृत तोकिएको र छोटो समयमै सबै जिल्लामा सरोकारवालाहरूलाई आचारसंहिताबारे जानकारी गराउने र आचारसंहिता पालना गर्ने प्रतिबद्धता गराउने कार्य प्रभावकारी रूपमा भइरहेको छ ।'

केन्द्रीय आचारसंहिता अनुगमन समितिमा हालसम्म प्राप्त उजुरीमध्ये ३४ वटाका सम्बन्धमा सम्बन्धित राजनीतिक दल तथा उम्मेदवारहरूलाई स्पष्टीकरण सोधिएकोमा जम्मा २४ वटाको जवाफ प्राप्त भएको छ ।

# एक सातामै 'आ बाट आमा' हिट !

अघिल्लो साता प्रदर्शनमा आएको फिल्म 'आ बाट आमा' हिट भएको निर्माताले दाबी गरेका छन् ।

शुक्रबार फिल्मको एक साताको कमाइ सार्वजनिक गर्दै निर्माण पक्षले फिल्मलाई हिट घोषणा गरेको हो । फिल्मका निर्माता तथा निर्देशक चन्द्र पन्तले फेसबुकमा सेअर गरेको एक पोस्टरमा फिल्मको एक साताको कमाइ ३ करोड १८ लाख रुपैयाँ ग्रस उल्लेख छ ।

पोस्टरमा 'आ बाट आमा'लाई पहिलो साता उच्च कमाइ गर्ने पल शाहको पहिलो फिल्म समेत भनिएको छ । यदि निर्माताले सार्वजनिक गरेको आँकडा चलचित्र विकास बोर्डको बक्स अफिस तथ्यांककै आधारमा भए पनि यो पलको पहिलो साता सर्वाधिक कमाइ गर्ने पहिलो फिल्ममा भने पर्दैन । यसअघि उनी अभिनीत फिल्म 'शत्रु गते'ले एक सातामा करिब ४ करोड कमाएको थियो ।




'आ बाट आमा'लाई हिट घोषणा गर्न पनि निर्माताले हतार गरेको देखिन्छ । निकट स्रोतका अनुसार फिल्मको बजेट प्रचारसहित २ करोड हो । यसले हिटको ट्याग पाउन लगानी सुरक्षित गरेर कम्तीमा पनि २५-३० प्रतिशत नाफा कमाउनुपर्छ । यो भनेको साढे ६ करोड ग्रस कमाइ हो । यसअर्थ फिल्मलाई हिट हुन अझै ३ करोड रुपैयाँ ग्रस कमाउनुपर्छ ।

यद्यपि, फिल्मको पहिलो हप्ताको रफ्तार हेर्दा व्यावसायिक सफलताको सम्भावना उच्च देखिएको छ । फिल्मले प्रदर्शनको पहिलो दिनदेखि नै देशभर दर्शकको राम्रो साथ पाइरहेको छ । 'रुवाउने फिल्म' भन्दै व्यापक प्रचार भइरहेकाले त्यसले हरेक उमेर समूहका दर्शकलाई हलसम्म तानेको छ । यसले गर्दा बक्स अफिसमा फिल्म लामो रेसको घोडा बन्न सक्ने देखिन्छ ।

आमा र छोराको भावनात्मक सम्बन्धको कथामा आधारित यस फिल्ममा विपना थापा, प्रदीप रावत (गजनी भिलेन), पल शाह, साइग्रेस पोखरेल, उषा उप्रेती, सिम्रन पन्त, रचना गौतम लगायतको अभिनय रहेको छ ।

फिल्ममा कृष्ण प्रसाद सुवेदी, ओमकार पन्त, प्रकाशजंग कुँवर,ध्रुव प्रसाद न्यौपाने र क्षितिज ढुंगाना निर्माताको रूपमा छन् ।

# पर्दामा लभ र ब्रेकअपको कथा







आज शनिबार (७ फेब्रअरी)देखि 'भ्यालेन्टाइन सप्ताह' शुरू हुँदैछ । यो सप्ताहलाई प्रेमिल जोडीहरूले एकअर्कालाई गुलाब, चकलेट वा विभिन्न उपहार दिएर प्रेम व्यक्त गर्ने अवसरका रूपमा मनाउने गरेका छन् ।

पछिल्ला वर्षहरूमा गीतसंगीत र फिल्ममार्फत पनि प्रेम अभिव्यक्त गर्ने चलन बढ्दै गएको छ । यही सन्दर्भमा यस वर्षको 'भ्यालेन्टाइन डे' प्रेमिल जोडीका लागि अझ विशेष बन्ने देखिएको छ । कारण, शुक्रबारबाट लभ र ब्रेकअपको कथामा आधारित फिल्म हलमा लागेका छन् । ती फिल्म हुन्, 'कुमारी' र 'रमिताको पिरती' ।

यी दुवै फिल्म जेन-जी पुस्तालाई लक्षित गरेर निर्माण गरिएका भए पनि विषयवस्तुका हिसाबले विल्कुलै फरक छन् ।

'कुमारी' विशुद्ध प्रेमकथामा आधारित फिल्म हो । अझ भनौं, जेनजी लभस्टोरी । किनकि, फिल्मका मुख्य नायक-नायिका नै जेन-जी पुस्ताका छन् । अबिषेक खड्का र आकृति राजभण्डारीको मुख्य भूमिकामा रहेको यस फिल्मले सामाजिक मूल्य-मान्यता र पारिवारिक अवरोधले प्रेममा आउने उतारचढावको कथामा पेश गरेको छ ।

'डोको बुन्ने निगालो चोयाले' गीतका कारण चर्चामा रहेको यो फिल्मलाई दिनेश राउतले निर्देशन गरेका हुन् । उनी 'नोभेम्बर रेन' र 'क्लासिक' जस्ता लभस्टोरी फिल्मका लागि परिचित छन् । महेन्द्र अधिकारी निर्माता रहेको फिल्ममा विकास सुवेदीको लेखन छ । देशव्यापी १५० भन्दा बढी शो पाएको यो फिल्मले बक्स अफिसमा सुखद् व्यापार गर्ने अपेक्षा गरिएको छ ।

सुदिप्ताको निर्देशन बनेको 'रमिताको पिरती' भने ब्रेकअपको कथा हो । आदर्श प्रेम खोजिरहेकी युवतीले लगातारको ब्रेकअपपछि भोग्ने मानसिक तनाव, चिन्ता र पीडालाई फिल्ममा देखाइएको छ । आना शर्मा, बिनय श्रेष्ठ, धीरज मगर, समीर श्रेष्ठ, गौमाया गुरुङ, रेनु योगी लगायतको अभिनय रहेको यस फिल्मका निर्माता सागर लम्साल हुन् ।

## झापा ११ ...

संस्करणको उद्घाटनका दिन मैदान परिसरमा स्वर्गीय डोमालाल राजवंशीको शालिक अस्थायी रुपमा अनावरण गरिनेछ । झापा जिल्लाका एकजना पुराना फुटबल खेलाडीलाई नगद २५ हजारसहित सम्मान गरिने बताइएको छ । यो वर्ष पनि खेल सञ्चालन हुने रंगशालाको जन्मदाता डोमालाल राजवंशीकी छोरी सम्पत्ति राजवंशीलाई नगद एक लाख रुपैयाँ सहयोग प्रदान गरिनेछ । यो रकम गोल्डकप उद्घाटनको दिन प्रदान गरिने जनाइएको छ ।

त्यस्तै, हिम इलेक्ट्रोनिक प्रालिको तर्फबाट बिर्तामोडस्थित महेन्द्ररत्न स्टोर्सले प्रत्येक दिन टिकट लिएका एकजना दर्शकलाई एकथान ३२ इन्चको एलइडी टीभी उपलब्ध गराउने पत्रकार सम्मेलनमा जाकारी दिइयो ।

प्रतियोगिताको अवधिभर मोबाइल ग्यालेरी बिर्तामोडको तर्फबाट टिकट लिएका दुईजना दर्शकलाई एबरबड प्रदान गरिने र प्रतियोगिता अवधिभरका दर्शकहरुमध्ये टिकट लिएका एकजना दर्शकलाई फाइनल खेलका दिन एकथान यामाहाको स्कूटर प्रदान गरिने बताइएको छ । यो प्रतियोगिता सञ्चालनको लागि एक करोड ५० लाख रुपैयाँ लागत अनुमान गरिएको बताइएको छ ।

फुटबलमार्फत झापा जिल्लालाई खेलकुदको केन्द्रका रूपमा विकास गर्ने उद्देश्यसहित आयोजना हुँदै आएको झापा गोल्डकपले स्थानीय खेलाडी उत्पादन, खेल पर्यटन प्रवर्द्धन र खेल संस्कृतिको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको आयोजकको दाबी छ ।

प्रतियोगिता सफल बनाउन स्थानीय प्रशासन, सुरक्षा निकाय, प्रायोजक, स्वयम्सेवक र सञ्चारकर्मीबीच आवश्यक समन्वय भइसकेको झापा गोल्डकपका वरिष्ठ उपाध्यक्ष गजेन्द्र पौडेलले जानकारी दिए ।

पत्रकार सम्मेलनमा झापा गोल्डकपका पूर्वअध्यक्ष महेन्द्र कुमार गिरी लगायतले प्रतियोगिता सफलताको शुभकामना दिएका थिए । कार्यक्रमको सञ्चालन सञ्चारकर्मी केशव भट्टराईले गरेका थिए ।

## सामाजिक ...

भएपछि पीडितहरूले दिएको जाहेरीका आधारमा प्रहरीले उनको खोजी शुरु गरेको थियो ।

अपराध अनुसन्धान कार्यालयको टोलीले उनलाई काठमाडौं महानगरपालिका वडा नं. १२बाट नियन्त्रणमा लिएको हो । पक्राउ परेकी उनलाई थप अनुसन्धान र आवश्यक कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको छ ।

## हवल्दार ...

पटेललाई नियन्त्रणमा लिएर पर्सा प्रहरीले कारबाही अघि बढाएको छ । पटेलले सामाजिक सञ्जालमा रास्वपाको प्रचारसहित भोट दिन आग्रह गरेको पाइएको छ । त्यसपछि उनलाई अनुसन्धानमा तानिएको प्रहरी नायव उपरीक्षक हरिबहादुर बस्नेतले बताए ।

पटेलको उक्त गतिविधिलाई पर्सा प्रहरीले आचरण विपरीतको कार्य भनेको छ । पटेलको दरबन्दी जिल्ला प्रहरी कार्यालय पर्सामै छ । सरकारी सेवामा कार्यरत् कुनै पनि व्यक्तिले उम्मेदवार वा दलको पक्षमा प्रचार गर्न निषेध गरिएको छ । अर्कातिर प्रहरी सेवामा रहेका हकमा अझ कडा अनुशासन तय गरिएको छ ।

## कोइलाखानी ...

हिउँदको समयमा काम खोज्दै मेघालय जाने गरेका छन् ।

भरतीय सञ्चार माध्यमका अनुसार सो विष्फोटका घटनामा परेर ज्यान गुमाउनेको संख्या १८ पुगेको छ । उम्साङ्घाटमा सञ्चालित कोइलाखानीमा भएको घटनाको विस्तृत जानकारी आउन बाँकी रहेको जनाइएको छ । मेघालयस्थित कोइलाखानीमा भएको घटनाप्रति भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले दुःख व्यक्त गर्दै ज्यान गुमाउनेको परिवारलाई रु. दुई लाखका दरले क्षतिपूर्ति दिने घोषणा गरेका छन् । घाइतेहरूलाई रु. ५० हजारका दरले उपचार खर्च दिने पनि प्रधानमन्त्री मोदीले बताएका छन् ।

## एआई ...

पत्राचार गरिसकिएको जिल्ला प्रशासन कार्यालय झापाका सहायक प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईले बताए ।

निर्वाचनको संवेदनशील समयमा गलत सूचना फैलाएर जनमत प्रभावित गर्ने प्रयास गम्भीर अपराध भएको उल्लेख गर्दै यस्ता गतिविधिमा संलग्न जोसुकैलाई प्रचलित कानून बमोजिम कारबाही गरिने सहायक प्रजिअ प्रसाईको भनाइ छ । वास्तविक घटनाका तस्वीर र एआई प्रयोग गरी भ्रम फैलाउन बनाइएका तस्वीर छुट्टाछुट्टै रहेको भन्दै नागरिकलाई सचेत रहन जिल्ला प्रशासन कार्यालय झापाले आग्रह गरेको छ ।

## राजनीतिमा ...

समेत रहेका ओली हवाईमार्ग हुँदै झापा आएका हुन् । राजनीतिक प्रतिस्पर्धालाई स्वागतयोग्य भएको बताउँदै उनले आफूसँग प्रतिस्पर्धा गर्न कोही अगाडि आउँछ भने त्यसलाई सधैं खुलेर स्वीकार गर्ने धारणा व्यक्त गरे ।

उनले लोकतान्त्रिक अभ्यासमा स्वस्थ प्रतिस्पर्धा र युवाको सक्रिय सहभागिताले राजनीति अझ परिपक्व हुने विश्वास व्यक्त गरे ।


**बिमालेख हरायो**

झापाको बिर्तामोडबाट भद्रपुर जाने क्रममा यही मिति २०८२/०९/१३ गते मेरो निम्न व्यहोराको लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम**:- चन्द्रमाया आङ्वो
**ठेगाना**:- अर्जुनधारा-२, झापा
**पोलेसी नं.**:- २०००२९८६८
**कम्पनी नाम**: लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेड
**सम्पर्क**: ९८०८०५१३१९



**बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा**

वरिष्ठ रेडियोलोजिष्ट **डा. संजयकुमार गुप्ता**द्वारा
**निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा**
प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

**हाम्रा सेवाहरु**
- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६








**अब नाक, कान, घाँटी तथा दन्त उपचारसहित**
**उच्च गुणस्तरिय, सुलभ र भरपर्दो आँखा उपचार सेवामा समर्पित**

BIRTAMODE EYE HOSPITAL

CONTACT :
**Birtamode Eye Hospital**
CHARPANE, JHAPA, MECHI, NEPAL
PHONE NO: 023-530476 / Email: mnec.beh@gmail.com I
Web: birtamodeeyehospital.org


**Chulachuli Rural Municipality**
**Office of The Rural Municipal Executive**
Chulachuli, Ilam, Koshi Province, Nepal

### Invitation for Online Sealed Quotation Bids

**First Date of publication: -2082/10/23(6th-Feb. 2026)**

1. **Chulachuli Rural Municipality, Chulachuli, Ilam** invites electronic bids from Nepalese eligible bidders under Sealed Quotation Bidding with single sealed envelope procedure.

| S.N. | Description of Works | Contract Identification No. | Estimate Amount NRs (Without VAT& PS) | Bid Security (NRs) | Bid Document Fee (NRs) | Bid Submission Date | Bid Opening Date | Bid Validity Period |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction and Maintenance works of Different Roads and Culvert in chulachuli 4 and 5 | 15/Chulachuli/ 082/83 | 14,53,255.12 | 42,000.00 | 1,000.00 | On or before 12:00 Noon, 2082/11/10 (22nd Feb.2026) | 13:00 on 2082/11/10 (22nd Feb. 2026) | 45 Days |
| 2 | Up-gradation and Maintenance work on Kalapani Tindovane Miklajung Road Section and RVT chulachuli-6, Ilam | 16/Chulachuli/ 082/83 | 8,65,477.96 | 30,000.00 | 1,000.00 | On or before 12:00 Noon, 2082/11/10 (22nd Feb. 2026) | 13:00 on 2082/11/10 (22nd Feb. 2026) | 45 Days |

2 Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Chulachuli Rural Municipality, Chulachuli, Ilam, Facsimile no: 9849717613or may visit PPMO website **www.bolpatra.gov.np/egp.**

**Chief Administrative Officer**

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

कविता / गीत

## ताकी-ताकी गोली हानेर

❑ भोजराज दाहाल

आफ्नै ज्यान जोगाउन भाग्ने भगौडेहरूलाई
रैती सिपाहीहरु सडकमा कसरी नेता मान्दैछन्
मुखमा लगाएको मास्क कसरी खोल्दैछन्

रगतको प्रत्येक कण बिर्सेर
इतिहास निर्माण गर्ने सिद्धान्तको झण्डालाई
दोषी हातले समातेर कसरी जिन्दाबाद भन्दैछन् !
कर्तुत लुकाएर झुट बोल्नेलाई कसरी पछि लाउँदैछन् !

एकथान चुनाव अघि सारेर
हत्या, भ्रष्टाचारका फायल डढेछन् भन्ने कर्मचारीलाई
बिचौलिया बनी दण्डरहित मेलमिलाप भनी गर्जदैछन्
जलेका नोट, सोमरसलाई नक्कली भनी हल्ला गर्दैछन्

घाइते मुनाका आवाज झारेर
विदेशी र पश्चिमका दलाल र घुसपैठ भन्ने तत्वहरूलाई
प्रभुभक्त पद पिपासु दुले बुद्धिजीवीहरु डर देखाउँदैछन्
अर्धमृत् संविधानको श्वास फेराइ त्यो पर्दैन हुँदैन भन्दैछन्

श्रद्धाञ्जली दिन गला रोकेर
डढेका महल र जलेका वाहनको बिलौना गरी रूनेलाई
अझै झुटको तक्मा कति भिराउने होला यसै भन्दैछन् ।
फेरि चुनावले सविधान एउटा सही बाटोमा दौडाउँदैछन् ।

*बिर्तामोड, झापा*


## नेपाल प्रहरी

❑ प्रदीप ओडारी (ब्याकुल कान्छा)

अनुशासन हाम्रो प्राण हो, प्रहरीको शान
सत्य, सेवा र सुरक्षा सधैँ हाम्रो अभियान
जनताको विश्वासले हामी कर्तव्यमा खडा
अपराधी जहाँ भागे पनि कानूनले समात्छ सदा ।

हिमाल, पहाड र तराई जोडिएर बनेको संगठन
परिवारबाट टाढा रहेर राष्ट्रसेवामा हुँदैछ अर्पण
सत्यम्, शिवम्, सुरक्षणम् नेपाल प्रहरी सर्वोत्तम्
हिमालको काखमा छ, हाम्रो नेपाल देश
अनुशासन कर्तव्य र निष्ठाले मात्र हुन्छ प्रवेश ।

*बिर्तामोड-१, झापा*



# जीवनको एकजना अविस्मरणीय व्यक्तित्व



बिमल गिरी

नगेन्द्रराज शर्माको जन्म वि.सं. १९९४ चैत महिना मन्थली रामेछापमा भएको थियो । शर्माले विभिन्न पत्रपत्रिकामा अनेकौं कथा, कविता, लेख, निबन्ध तथा अन्तरवार्ताहरू प्रकाशित र लेखकका एक दर्जनभन्दा बढी साहित्यिक पुस्तकको सम्पादन तथा प्रकाशन गर्नुभएको छ ।

हसिला, फराशिला मिहीन अध्ययन गरेर लेख्नु हुने आफ्नो उमेरका हिसाबले ८४ वर्षमा हिँडिरहनुभएका नगेन्द्रराज शर्माले भर्खरै आफ्नो सम्पादनमा प्रकाशन भइरहेको साहित्यिक पत्रिका 'अभिव्यक्ति'को दुई सयौं अङ्क प्रकाशन गर्नुभयो । एक्लो व्यक्तिको अथक प्रयासमा निरन्तर साहित्यिक पत्रिका चलाउनु आफैंमा कठिन काम हो ।

सम्पन्न परिवारको छोरो, त्रिभुवन विश्वविद्यालयमा जागिरे, नेपाली साहित्य र साहित्यकारका विषयमा अत्यन्त गहिरो जानकारी राख्ने व्यक्तिमा पनि उहाँ चिनिनुहुन्छ । २०२७ सालदेखि बजारमा आएको 'अभिव्यक्ति' पत्रिकाको सम्पादन र प्रकाशनको ५० वर्ष पुगेको अवसरमा नगेन्द्रराज शर्माले अवकाश लिने निर्णय गर्नुभयो । उहाँको भनाइ अनुसार आगामी दिनहरुमा अब 'अभिव्यक्ति' स्वतन्त्र साहित्यिक समूहबाट प्रकाशन हुनेछ ।

पहिलेका सशक्त लेखकहरुदेखि अहिलेका युवा पुस्ताका लेखकसम्मको संगत गर्नुभएको शर्मा एकताका नेपाल साहित्यिक पत्रकार संघका संस्थापक सदस्य एवम् पूर्व अध्यक्ष पनि हुनुहुन्थ्यो । 'अभिव्यति' जस्तो स्तरीय पत्रिका निकाल्छु भनेर लागेपछि आफ्नो रचनामा पनि त्यो स्तरीयता कायम हुनुपर्छ भनेर लगातार ५० वर्षसम्म साहित्यिक पत्रकारितालाई अनवरत रुपमा सञ्चालन गर्नुहुने नगेन्द्रराज शर्माद्वारा लिखित दुई उपन्यास र दुई कथा संग्रह प्रकाशित छन् ।

आफ्नो संस्कृति, सभ्यता र परम्परालाई सधैँ अगाल्ने, विभिन्न समयमा उच्चस्तरीय भ्रमणहरु गोष्ठी र सम्मेलन साथीभाइ, इष्टमित्र, परिवार लेखक, कवि र पत्रकारहरुसँग परिचय, सम्पर्क र सम्बन्ध निरन्तर बढाइरहने, नेपाली भाषा, साहित्य र संस्कृतिको परिचय, प्रचारप्रसार र पहिचान कायम गर्न सधैँ अग्रसर र समकालीन साहित्यिक साथीहरुसँग निरन्तर सम्पर्कमा रहनु हुने, नेपालको आर्थिक, सामाजिक र भौतिक विकासमा आफू बसेको देशको सरकार र जनताको सद्भावना, सदाशयता र सहयोग जुटाउने र बढाउने कार्यमा प्रतिबद्ध र प्रयत्नरत रहने, लेखकका रुपमा पनि र व्यक्तिका रुपमा पनि सबैबाट सम्मानित व्यक्तित्व, सम्मान र आदरको भावना बढी पाएको अनुभवी व्यक्तित्वका बारेमा बोल्नुपर्दा लेख्नुपर्दा र सजिव देख्दा मनमा कता-कता एक प्रकारको श्रद्धा र आदर उर्लेर आउँछ ।

सधैँ कलात्मक गातोमा पत्रिका छाप्नु हुने सयौं लेखक कविका अभिव्यक्ति आफ्नो पत्रिकामा प्रकाशित गर्नुहुने शिक्षित, बौद्धिक, स्वाभिमानी, साह्रै मिलनसार आँखामा हाल्दा पनि नबिझ्झाउने धेरै गुणयुक्त विद्वान व्यक्तित्व नगेन्द्रराज शर्मा जस्ता साधकको विशिष्ट ढङ्गले अध्ययन भई विशेषाङ्क प्रकाशित हुनु यो एउटा आफैमा महान कार्य हो ।

स्वदेश तथा विदेशमा भएका बिभिन्न अन्तर्राष्ट्रिय साहित्यिक सम्मेलनहरुमा सहभागिता जनाउनुभएका शर्माका साहित्यिक गतिविधि अनगिन्ति छन् । २०२७ देखि हालसम्म उहाले अभिव्यक्ति प्रकाशनसँगै विभिन्न पत्रपत्रिका सम्पादन गर्नुभएको कुरा सर्वविदितै छ । साहित्यिक पत्रकार सङ्घको संस्थापक सदस्य, उपसभापति र सभापति हुँदै बिभिन्न संघ-संस्थाबाट पुरस्कार/सम्मान प्राप्त गर्नुभएको छ ।

जीवनको उत्तरार्द्धमा पनि अत्यन्तै सक्रिय कहिल्यै नथाक्ने सामाजिक परिवर्तनलाई, विचारलाई र दृष्टिकोणलाई नयाँपन दिन सधैँ अग्रसर आनन्दित र सुखी नगेन्द्रराज शर्माको व्यक्तिगत जीवन र साहित्यिक जीवन दुबै सुखमय होस्, आनन्दित होस्, नेपाली साहित्यको सेवामा निरन्तर लागिरहने तपाईंलाई मेरो हार्दिक प्रेम र बधाई छ ।

*bimalgiri@hotmail.com*
*बिर्तामोड-२ चारपाने, झापा*
*हाल: बेल्जियम,*



कथा

# पुरेत बाजे

बाजेले पाठ पढिसकेछन् । सबै पालैपालो तिलक-पाती लाउन थाले । घरका र आफन्तहरूले सकेपछि गाउँका आउनेहरू पनि लाउन थाले । हुलमुलमा रमेशलाई पनि तिलक-पाती लगाइदिए बाजेले । त्यो सबैले देखे । हल्ला भयो । खासखुस कुरा हुन थाल्यो ।

❑❑❑



गुमानसिंह राई

चैतको खडेरीले सबै सुकेको थियो । कताकतै खोल्सा खाल्सी चिसेनीतिर मात्र अलिलि हरियो झ्यालहरू थिए । भएभरको पातहरू झरेर रूखहरू नाङ्गै थिए । पहिले जस्तो रूखहरू पनि थिएनन् । मान्छेले खाएर निखायो । खोल्साहरू पानी सुकेर उराठलाग्दो भएको थियो । पानी खलल बगेको सुन्न पाइँदैन, देख्न पाइँदैन । कस्तो समय आयो । अझै के हुने होला । रमेश वनचरनमा छोडी अघि गएर गौंडामा बस्यो । ऊ एउटा रूखको फेदमा बसेर बाँसुरी फुक्न मस्त भयो ।

खाती बाजेको नाती रमेश एउटै मात्र हो । टुहुरो, खाती बाजेले नै हुर्काएर जवान पारेको । ऊ बाँसुरी राम्रो बजाउँछ । रमेश सत्र/अठार हिउँदहरू उक्लेको हुनुपर्छ । बासुरी बजाएर कहिलेकाहीँ ऊ आफै हाँस्थ्यो । चराहरूको जोडी देखे ऊ एकसुर भएर हेर्थ्यो । नेहुल र ढुकुरको जोडी हेर्न पाए समय बितेको पत्तो गर्दैनथ्यो । कुन्नि के मन हुँदा फूलहरू टिपेर तिखो उठेको ढुङ्गामा चडाउने गर्थ्यो देवता मानेर ।

हरिभक्त पोखेल गाउँभरिका पुरोहित थिए । जजमान सबैले 'पुरेत बाजे' भन्थे । रमेशको गोठाला गर्ने साथी ! पुरेत बाजे र रमेश हिउँद-बर्खा भनौं बाह्रैमास सँगै बस्तु टहल गर्थे । जातको तलमाथि परे पनि मनका सफा थिए दुबै ।

बाजे रमेशको बाँसुरी धुन सुन्दै डिलमाथिको झ्याल छाँसेर वस्तुलाई दिँदै थिए । बाजे बुढै भए पनि कराँतिलो थिए । उहिलेको पानी खाएर होला । निकै बेरपछि रमेश बाँसुरी बजाउन छोडेर उठ्यो । तलतिर वस्तुहरू मनग्गे घाँस खाँदै थिए । बाजेले झारेको । रमेशले यता-उता हेऱ्यो बाजेलाई देखेन । कतै गयो कि भनी सम्झेर रमेश एकछिन त्यसै बस्यो ।

'होइन कतै जान परे भनेर जाने' -रमेश करायो- 'बाजे, ए... बाजे ।'

अहँ कतैबाट उत्तर आएन । ऊ हतार-हतार झ्याल फाँडेतिर लाग्यो । एउटा डाला आधा काट्दाकाट्दै छोडेको थियो । उसले अलिक तलतिर आँखा लगायो एउटा गोहो सोहोरिएर उँधै छिरेको थियो । छिर्न नसकिने अलिक छाँगो परेको थियो । ऊ अलिक अत्तालियो अनि केही हत्तारिएर परबाट घुमेर त्यो सोहोरिएको सिधा मुनि पुग्यो । बाजे हल न चल लडिरहेका थिए । रमेशले अत्तालिएर बाजेलाई अङ्गाल्यो ।

'बाजे ! बाजे !' -भन्दै बोलायो । बाजे बोलेनन् । कानैमा सुइ..या पाऱ्यो । बाजेले अलिकति आँखा खोले । रमेशले हत्तपत्त उठाएर समथर परेको ठाउँमा पुऱ्यायो ।

'के भयो ? बाजे ! कहाँ दुख्यो ?' भन्दै उसले चोटहरू हेर्न थाल्यो घुँडा, टाउको र आतिर चोट परेछ । गहिरो चोट त परेन छ, तर कम्मर भने थेचारिएर खँदारिएछ ।

'आयाया...!' गर्दै बाजेले रमेशलाई हेरे ।

'पानी !' भनेर बाजेले इशारा गरे ।

'एकै छिन है' भनेर रमेश पानी लिन खोल्सातिर हानियो । उसले एउटा चोङ्गेमा पानी ल्यायो । खानु दियो । मुख धोइदियो । टाउको भिजाइदियो । चोटतिर झारपात दबाई माँडेर घसिदियो । खुन थामियो । बाजेको पूरै होश आयो ।

'रमेश ! मलाई घरमा पुराइदे ! आ...या...या ।'

रमेशले एउटा दह्रो लठ्ठी काटेर बाजेको हातमा थमाइदियो । उठ्न सघायो । बाजे उठ्न त उठे तर घुँडा दुखेर टेक्नै भएन । रमेश बलियो थियो । बाजेलाई आङमा बोकेर खुरुरु कुदायो ।

'रुघा मार्गी नलागोस्, रोग कष्ट नहोस् ।' भन्दै पोहोर संसारी पूजा गर्ने धामी खड्का काइँला पूजा गरेको राती उछालपछालले लगेको थियो । कति छिटो वर्षदिन बितेछ । आज उसको वर्षदिन पछिको पूजा शुभ कार्य भइरहेछ । हरिभक्त बाजे पाठ गर्दै थिए । उसको टाउको र घुँडाको घाउ त पुरियो तर खँदारिएको कम्मर भने उत्तिकै थियो । लौरोको भरमा हिँड्नु पर्थ्यो । कम्मरै कोल्टे पारेर ।

आउने आफन्तहरूको निकै भीडभाड थियो । बुढा-बुढी र केटाकेटी सराबरी थिए । तरुनी तन्देरीहरू धन्दा गर्न व्यस्त थिए । हेराहेर र हाँसाहाँस गर्दै काम गर्नेहरूका तँछाड र मँछाड थिए । हलुइ पकाउने, रोटी पोल्ने, खीर पकाउने, चिया बनाउने, सब्जी, दाल, भात पकाउनेको भीड ।

बाजेले पढिसकेछन् । सबै पालैपालो तीलक-पाती लाउन थाले । घरका र आफन्तहरूले सकेपछि गाउँका आउनेहरू पनि लाउन थाले । हुलमुलमा रमेशलाई पनि तिलक-पाती लगाइदिए बाजेले । त्यो सबैले देखे । हल्ला भयो । खासखुस कुरा हुन थाल्यो । पूजा सबै बिटुलो भयो । खाना कसैले नखाने भए । रडाको मच्चियो । रमेश कता लाग्यो पत्तो भएन । बाजे पनि स्थिति बुझेर बाटो तताएछन् । साँझसम्म नै झ्याउला त्यतिकै थियो । गाउँमा सभा डाकिने भयो ।

सभापतिको घरमा पञ्च डाकियो । आँगनमा ग्राम्य भेला भएको थियो । सभापति (नामै सभापति) र गाउँका बुजुगहरू चौकीमा बसेका थिए । रमेश र खाती बुढो आँगनको एक कुनामा नजर झारेर बसेका थिए । अब के हुने हो भन्ने त्रासले खाती बुढोको मुटु निचोरेको थियो । पुरेत बाजे पनि अघि नै आएर एउटा टुलमा बसेको थियो ।

सभामा छलफल शुरू भयो । धेरै तर्क वितर्क चल्यो । पालै पालो बोले । लामो छलफल पछि अन्त्यमा सभापति बडाले निर्णय सुनाए । पूजामा छुत भएको खाना, भान्सा सबै कसैले नखाएर खेर गयो । घरको खर्च मात्र भयो । जुन खर्च भयो त्यो सबै खाती बुढोले व्यहोर्नुपर्ने भयो । अनि पानीमाथिका बिष्ट, छेत्री-बाहुन समाजलाई पुरेत बाजेले खर्च गरेर प्रायश्चित गराउनुपर्ने भयो । नत्र अरू आफै चल्न परे पुरेत बाजे काडिने भए ।

निर्णय सुनाएपछि प्रतिक्रिया जान्नलाई सभापतिले खाती बुढोलाई उठाएर सोधे ।

'यो निर्णय बारे तिम्रो भन्नु के छ ?'

खाती बुढो जुरुक्क उठेर हात जोड्दै-

'छैन हजुर । ठूला-बडा, बिष्ट वेदका धनीहरूले बोलेको बोली नै कानून हुन्छ भने म जाबोको हुँ र यो निर्णय नमान्ने । शिरोधार्य छ हजुरको निर्णय ।'

यति भनेर थपक्क भुइँमा बसे ।

'ल त ठीकै छ तिम्रो कुरा' -भनेर सभापति फेरि पुरेत हरिभक्त पोखरेलपट्टि फर्किए ।

'अँ, पुरेत बाजेको नि केही छ भन्नु यो पञ्चको निर्णयमाथि ?'

भनेर खुबै सङ्गले जुङ्गा मुसार्दै प्रश्न गरे । उपस्थित सबै पुरेत बाजेको अनुहार ताक्न थाले । पुरेत बाजे जुरुक्क उठेर सबैलाई नजर घुमाएर हेरेपछि सभापतिपट्टि फर्किएर खुबै गम्भीर मुद्रामा बोले-

'यो निर्णय मलाई मान्य छैन ।'

यो कुरा सुनेर मान्छेहरूमा खासक-खुसुक हुन थाल्यो ।

बाजे फेरि बोले- 'यो केटो जातको खाती सानो जात भएर के भो मनको ठूलो छ । जतिबेला म मर्न लागेको थिएँ यसले पानी खुवाएर मेरो प्राण बचायो । त्यति मात्र होइन यसले आफ्नो आङमा बोकेर घरसम्म पुराएर मानवताको कर्तव्य पूरा गरेको छ । मानिसमा जातको उच् र निचले केही हुँदैन । मानवताको भावना हुनुपर्छ । जो हुन पर्ने, यो केटोमा छ ।' -भन्दै रमेशलाई देखाए ।

'त्यसैकारण, त्यो दिन मैले जानी बुझी नै यसलाई तिलक-पाती लगाइदिएको हुँ । यस्ताहरू भनेका हाम्रा समाजका सम्पत्ति हुन् । पढे, लेखे भएर, जातको ठूलो भएर मात्र कोही ठूलो बन्न सक्दैन । मानिस-मानिसमा विश्वास र सद्भावना छैन भने संसार उजाड हुन्छ । यति उच्चतामा उठेको यो रमेश नानीको व्यवहारलाई जातपातको निहुँमा तल झार्न म चाहन्न । यसकारण, आजको दुईवटै मलाई मान्य छैन । मेरो समाजले मलाई पानी काड्छ भने त्यो मलाई स्वीकार छ । तर, मानवताको खुड्किलो उक्लिएर फेरि जातको तल्लो स्तरमा झर्नु चाहन्न ।'

पञ्चहरू ट्वाल्ल परे । साँझ खसेर अँध्यारो बड्दै थियो । भेला भएका सबै एका एक गर्दै बाटो लाग्न थाले । सभापति चौकी छोडेर अघि नै भित्र पसेछन् । अँध्यारो झन चुक घोप्टिए जस्तो भयो । वरपर देखिन छोड्यो । निकैमाथि पुरेत बाजे हरिभक्त पोखरेल, रमेश र खाती बूढो एउटा उज्यालो राँको बालेर जाँदै थिए ।



आजको रासिफल



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)**
समय फलदायी छ, चिट्ठा तथा उपहार प्राप्तिको योग छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनेछ, आज मन प्रशन्न रहने छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)**
स्वास्थ्य प्रतिकुल बनेर जानेछ, फाइदाजनक कार्य सम्पन्न हुनेछ, अनावश्यक झमेलाबाट छुटकारा मिल्ने योग रहेको छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)**
मिश्रित फलको समय छ, काममा उतारचढाव आउन सक्छ धैर्य गर्नुहोला, खानपानमा ध्यान दिनुहोला, स्वास्थ्य त्यति राम्रो हुने छैन ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**
सन्तान पक्षबाट शुखद् खबर आउने छ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**
विपरीत लिङ्गिसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)**
समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)**
आज तपाईको पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्ने छ, छोटो दुरीको रमाइलो यात्रा हुनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)**
घरबाट कहिँ रमाइलो यात्राको तय हुनेछ, साथीभाइहरूले साथ दिनेछन्, आज मनोरञ्जनमा ध्यान जानाले मन प्रशन्न रहला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)**
आजको दिन समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, खुशीको खबर आउनाले मन प्रशन्न रहला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)**
स्वास्थ्य प्रतिकुल बन्नेछ, मन शान्त रहने छ, छोटो दूरीको यात्रा हुने सम्भावना रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)**
लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धीको योग परेको छ, टाढिएका मित्रसँग भेटघाट हुने समय रहेको छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)**
यथेष्ट धन लाभको योग रहेको छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, साथीभाइ भेटघाट तथा मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला ।

मिति २०८२/१०/२३ शुक्रबारको
**सुनचाँदी मूल्य**



छापावाला
सुन प्रति तोला
रु. २,९१,५००।-



चाँदी
प्रति तोला
रु. ४,७६०।-

# धाप्लाङघाट पुल निर्माण शुरु

**खोटाङ, माघ २३।** खोटाङ र उदयपुरको सिमानामा पर्ने सुनकोसीस्थित धाप्लाङघाटमा निर्माणाधीन मोटरेबल पुलको कामले गति लिएको छ।

ठेकेदारको लापरवाहीले लामो समयसम्म अलपत्र परेको पुल निर्माणले गति लिएसँगै दक्षिणी क्षेत्रका नागरिकमा आशा जगाएको छ। जिल्लाको दक्षिणी क्षेत्रमा पर्ने बराहापोखरी गाउँपालिका-२ सुन्तले र छिमेकी जिल्ला उदयपुरको त्रियुगा नगरपालिका-१४ साउने जोड्ने धाप्लाङघाटस्थित सुनकोशी नदीमा दुई सय मिटर लामो पुल निर्माणका लागि २०७३ साल असार ३० गते निर्माण कम्पनीसँग सम्झौता भएको थियो। नौ वर्षदेखि निर्माणाधीन अवस्थामा रहेको पुल अलपत्र हुँदा दक्षिणी क्षेत्रका नागरिक निरास भएका थिए।

वि.सं. २०७४ भदौ ३१ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले शिलान्यास गरेको धाप्लाङघाट मोटरेबल पक्की पुलका लागि स्ल्याब ढलानको काम शुरु गरिएको छ। विसं २०७६ मा निर्माण सम्पन्न गरेर सञ्चालनमा ल्याउनेगरी धाप्लाङघाटको माटरेबल पक्की पुलका लागि सम्झौता गरिए पनि निर्माण कम्पनीमा आवद्ध ठेकेदारको लापारवाहीका कारण निर्माणको काम अलपत्र परेको हो।

ठेकेदारको लापरवाहीले अलपत्र परेको धाप्लाङघाट पुल निर्माणका लागि खोटाङ प्रदेशसभा (२)का सदस्य एवम् कोशी प्रदेश सरकारका निवर्तमान भौतिक पूर्वाधार विकास र स्वास्थ्यमन्त्री भूपेन्द्र राईले निरन्तर खबरदारी गरेपछि अहिले पुल निर्माणले तीव्रता लिएको स्थानीयवासीले बताएका छन्। सङ्घीय सरकारको रु.२१ करोड ६५ लाख लागतमा स्वच्छन्द-रसुवा-पप्पु जेभीले निर्माणको जिम्मा लिएको पुल अलपत्र परेपछि लिड पार्टी स्वच्छन्द निर्माण कम्पनीलाई कालोसूचीमा राखेर धरौटी तानेपछि ज्वाइन भेन्चरमा संलग्न रसुवा कन्स्ट्रक्सन प्रालिले निर्माणको काम थालेको हो।

विभिन्न कठिनाइका बीच पुल निर्माणको कामलाई पुनः शुरु गराउन सफल भएको निवर्तमान मन्त्री राईले बताउँछन्। 'धाप्लाङघाट पुलमा पाँचवटा स्ल्याब रहन्छ। एउटा भर्खरै ढलान भएको छ। यस वर्ष कम्तीमा तीनवटा ढलान सम्पन्न गर्ने ठेकेदार कम्पनीले प्रतिबद्धता जनाएको छ' -उनले भने- 'धाप्लाङघाट पुल सञ्चालनमा आएपछि खोटाङको समृद्धिको यात्रा सुरु हुन्छ। यसतर्फ निर्वाचित जनप्रतिनिधिले ध्यान दिन जरुरी छ।'



पछिल्लोपटक थपिएको म्याद अनुसार २०८४ साल जेठ १९ गतेसम्ममा पुल निर्माणको काम सम्पन्न गर्नुपर्छ। वि.सं. २०८३ चैतभित्रमा धाप्लाङघाटबाट सवारीसाधन वारपार गराउनेगरी काम भइरहेको निर्माण कम्पनीले जनाएको छ। पुल निर्माणको काम ४३ प्रतिशत सकिएको सडक विभाग पुल सेक्टर धरानका इन्जिनियर नवीन साहका अनुसार धाप्लाङघाटमा वेल फाउन्डेसन प्रविधिको पुल निर्माण शुरु गरिएको थियो। त्यो सम्भव नभएपछि गत वर्ष डिजाइन परिवर्तन गरेर पाइल फाउन्डेसन प्रविधिको पुल निर्माण सुरु गरिएको छ।

स्ल्याब ढलानका लागि पानी सुकाउने काम भइरहेको छ। पानी चाँडै सुकाउन सके यो वर्ष थप दुईवटा स्ल्याब ढलान सकिन्छ। पुल निर्माणका लागि छवटा पिलर निर्माण गर्नुपर्नेमा चारवटा मात्र सकिएको छ। तर, निर्माण भएको एउटा पिलर गर्त वर्षको बाढीले बंग्याएकाले पुनर्निर्माण गर्नुपर्ने भएपछि अझै तीनवटा पिलर बनाउन बाँकी छ।

धाप्लाङघाटमा खोटाङ र उदयपुर दुवैतर्फ वर्षौंअघि कच्ची सडक निर्माण गरेर यातायात सञ्चालन गर्ने गरिएको छ। तर सुनकोसीमा पक्की पुल नहुँदा ठूला सवारीसाधन वारपार गर्ने अवस्था छैन। मोटरसाइकल भने झोलुङ्गे पुलबाट वारपार गर्ने गरिएको स्थानीयबासीले बताएका छन्।

धाप्लाङघाटमा पुल नहुँदा पालिकामा बाहिरबाट ल्याउने सामान ढुवानी महँगो हुनुका साथै स्थानीय उत्पादनलाई निकासी गर्न कठिन भएको बराहपोखरी गाउँपालिकाका प्रमुख सालिकराम बञ्जराले बताए। 'धाप्लाङघाट पुल नबन्दा नाकाबन्दीमा बस्न बाध्य भएका छौं। पछिल्लो समय पुल निर्माणको कामले गति लिएसँगै केही आशा जगाएको छ, निरन्तर खबरदारी आवश्यक छ। सम्बन्धित निकायले यसतर्फ ध्यान दिनुपर्छ' -उनले भने।

धाप्लाङघाटमा पुल निर्माणपछि खोटाङको बराहपोखरी, जन्तेढुङ्गा र खोटेहाङ गाउँपालिका तथा भोजपुरका केही स्थानीयको जीवनशैली फेरिने आशा गरिएको छ। धाप्लाङघाटमा मोटरेबल पक्की पुल निर्माण सम्पन्न नभएसम्मका लागि सञ्चालन गर्न अस्थायी बेलिब्रिज जडानको काम समेत थालिएको छ।

# आइतबारदेखि छात्रालाई क्यान्सरबिरुद्धको खोप

**झापा, माघ २३।** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भोलि माघ २५ (आइतबार)देखि किशोरीलाई पाठेघरको मुखको क्यान्सरबिरुद्धको 'ह्युमन पापिलोमा भाइरस' (एचपिभी) खोप देशभरि नै लगाउने भएको छ।

स्वास्थ्य सेवा विभाग बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. अभियान गौतमले आगामी फागुन १५ गतेसम्म देशभरिका कक्षा ६ मा पढ्ने र विद्यालय बाहिर रहेका १० वर्ष उमेर समूहका किशोरीलाई खोप लगाइने बताए।

सरकारले गत वर्षको एचपीभी खोप अभियानमा छुटेका हाल कक्षा ७ देखि १० सम्म पढ्ने छात्रा र ११ वर्षदेखि १४ वर्षका विद्यालय बाहिरका किशोरीलाई सोही अभियानअन्तर्गत खोप लगाइने उनले बताए। छात्रा र किशोरीलाई खोप आ-आफ्नो विद्यालय र स्वास्थ्य संस्थामा लगाइने र खोप लगाउने स्वास्थ्यकर्मीलाई तालिम दिइसकेको प्रमुख डा. गौतमले बताए।

'प्रादेशिक कार्यालयबाट जिल्ला कार्यालयमा खोप पुऱ्याइसकिएको छ' -प्रमुख डा. गौतमले भने। सरकारले गत वर्ष माघ २२ देखि फागुन ६ गतेसम्म देशभरि नै कक्षा ६ देखि १० सम्म र विद्यालय बाहिर रहेका १० देखि १४ वर्ष उमेर समूहका करिब १७ लाख किशोरीलाई उक्त खोप लगाएको थियो।

शाखा प्रमुख डा. गौतमले खोप अभियान अन्तर्गत करिब तीन लाख ५० हजार बालबालिकालाई पाठेघरको मुखको क्यान्सरबिरुद्धको एचपिभी खोप लगाइने बताए। खोप यसपटक एचपीभी खोप 'भ्याक्सिन र खोपका लागि ग्लोबल एलायन्स'को सहयोग प्राप्त भएको बताए।



# नेपालमा जलपंक्षीको संख्या घट्दो



**झापा, माघ २३।** हरेक वर्ष अंग्रेजी महिना जनवरीको पहिलो शनिबारदेखि १५ दिनसम्म मुलुकभरका ताल, तलैया, नदी र सिमसार क्षेत्रमा पाइने जलपंक्षीको संख्या, प्रजाति र बासस्थानबारे गणना गरिँदै आइएको छ।

पछिल्लो तथ्याङ्क अनुसार नेपालमा वर्षेनी जलपक्षीको प्रजाति र संख्या घट्दो देखिन्छ। गत वर्ष सन् २०२५ को जलपक्षी गणनाबाट प्राप्त तथ्याङ्क अनुसार नेपालमा ९४ प्रजातिका ९६ हजार पाँच सय ६५ जलपंक्षी अभिलेखिकरण भएको थियो। सन् २०२६ को गणनाबाट ८९ प्रजातिका ९० हजार छ सय ८८ वटा जलपंक्षी अभिलेख भएका छन्। त्यसभन्दा पनि अघिका गणनामा एक लाखभन्दा बढी नै प्रजाति अभिलेख भएका थिए।

वाटरल्याण्ड इन्टरनेशनलको सहकार्यमा भारतीय महाद्विपमा एसिया स्तरीय जलपक्षी गणना सन् १९८७ देखि शुरु गरिएको हो। गणनालाई सहयोग पुऱ्याउन नेपालले सन् १९८७ देखि जलपक्षी गणनामा निरन्तर सहभागिता जनाउँदै आएको छ।

अत्यधिक चिसो हुने रुस, उत्तरी चीन, मङ्गोलिया, साइबेरिया लगायतका क्षेत्रबाट जलपंक्षी यस याममा अनुकूल तापक्रमको खोजीमा नेपाल आउने गर्छन्। चिसो क्षेत्रबाट हजारौंको संख्यामा चरा जाडो छल्न अनुकूल वातावरण र प्रचुर मात्रामा खानेकुराको खोजीमा भारतको राजस्थानसम्म पुग्ने गर्छन्। फर्किंदा भने पाकिस्तान, अफगानिस्तानको बाटो प्रयोग गर्छन्।

जलपंक्षी गणनाको मुख्य उद्देश्य बसाइँ सराई गर्ने र पानीमा बस्ने चराको प्रजनन् नहुने समयमा गणना तथा अनुगमन गरी संख्यासहित सिमसार क्षेत्रको अवस्थाबारे थाहा पाउनु, पानीमा बस्ने चरा र सिमसार क्षेत्रको महत्व, तिनको संरक्षण तथा व्यवस्थापनमा आम नागरिकलाई सहभागी तथा जानकारी गराउनु रहेको छ।

यस वर्ष राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको नेतृत्व तथा नेपाल पक्षीविद् सङ्घको संयोजनमा देशभरका १८ प्रमुख सिमसार क्षेत्र र सो अन्तर्गतका ७८ वटा साना क्षेत्रमा जलपंक्षी गणना गरिएको नेपाल पन्छिविद् सङ्घका कार्यकारी निर्देशक लक्ष्मणप्रसाद पौडेलले जानकारी दिए।

गणनामा चार सय ११ स्वयम्सेवक गणक (कर्मचारी, चराविद, प्रकृतिप्रेमी, स्वयम्सेवी, नागरिक वैज्ञानिक)बाट पानीमा आश्रित तथा पानी वरिपरि बस्ने आवासीय र बसाइँसराइ गर्ने चराको तथ्याङ्क सङ्कलन गरी विश्व सिमसार दिवस (२ फेब्रुअरी)मा सार्वजनिक गरिएको थियो।

# उदयपुर महोन्सव शुरु

**उदयपुर, माघ २३।** 'कृषि, वन, पर्यटन, शिक्षा, कला, संस्कृति, उद्योग र व्यापार उदयपुरको पहिचान र समृद्धिको आधार' नाराका साथ त्रियुगा नगरपालिका-३ त्रियुगा नदी किनारमा दोस्रो उदयपुर महोत्सव प्रारम्भ भएको छ।

जिल्लाको कृषि, उद्योग, व्यापार, पर्यटन तथा संस्कृतिलाई एउटै थलोमा जोड्ने उद्देश्यसहित उदयपुर उद्योग वाणिज्य सङ्घले महोत्सव आयोजना गरेको हो। आगामी फागुन ८ गतेसम्म आयोजना हुने महोत्सवमा उदयपुर जिल्लासहित कोशी प्रदेशका किसान, उद्योगी, व्यवसायी, सहकारी, महिला तथा युवा उद्यमीका उत्पादन राखिएका छन्।


Ganapati Bakers
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस्।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

होटल समृद्धि सुरुङ्गा
एसी हल, एसी रुम, बर्थ डे हल, शान्त वातावरणमा खाना/बस्नसहितको विशेष सुविधा अब होटल समृद्धि सुरुङ्गमा।
होटल समृद्धी
हरिकुल बोर्डिङ्ग छेउ, हाइवे उत्तर
कनकाई नपा, सुरुङ्गा, झापा
सम्पर्क : ९८२२१९५२७३, ९८५२६७१४२२

अब बिर्तामोडमा
डा. पितामबर ठाकुर
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ?
पेट सम्बन्धी समस्या
मुटु सम्बन्धी समस्या
राति निद्रा नलाग्ने
छाती दुख्ने
फोक्सो सम्बन्धी समस्या
बाथ
थाईराईड
रक्तचाप
मधुमेह
डाक्टर आउने समय :
बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand

विशेषज्ञ डाक्टरहरूको सेवा अब
कान्तिपुर मेडिसीन सेन्टर
उपचार हुने रोगहरू :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ
यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ।
साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै
बिर्तामोड, झापा (फोनः ०२३-५३२८४५)

मार्बल शिलालेख
यहाँ डिजिटल प्रविधिबाट मार्बलमा फोटो खोपिन्छ साथै आर्ट सम्बन्धी सम्पूर्ण कार्यहरु सरल दरमा गरिन्छ
सम्पर्क :
एल. बि. आर्ट
बिर्तामोड-४, पश्चिम बस स्टेण्ड
अदुवा पुल छेउ
फोन नं. : ९८४४६८५६००
९८१६०४९८००

सेफ्टी ट्यांकी चाहिएमा
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस्। सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।
सम्पर्कः शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

वैदेशिक रोजगार
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस्। बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं।
सम्पर्क :
यूनाइटेड प्लेसमेन्ट एण्ड इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.
शाखा कार्यालय बिर्तामोड
मो. ९७०२९५९६४० / ९७०२९५९६४१

कार्की ट्याक्सी सर्भिस
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

कोसेली
शुद्ध दूधको स्वस्थ उत्पादन
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा"
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दुग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ।
कालिका डेरी,
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

हामीलाई सम्पर्क गर्नुहोस्
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस्। हामी तपाइहरुको आवश्यकता पूरा गर्नेछौं।
नोटः सिबिल वा रिटायर जुनै भए पनि हुनेछ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

आयुर्वेद उपचार
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ। साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै
काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क :
९८१८७९३९८६, ९८५२६८८९८६

ताप्लेजुङ -पाथीभरा सफल यात्रा
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२
९८०१३६४०९३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोस्।
कुनै पनि संस्था, बैंक, उद्योग, स्कूल, मार्केट लगायत जुनसुकै क्षेत्रमा सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोला। साथै सेक्युरिटीमा काम गर्न चाहने इच्छुक महिला तथा पुरुषहरुले पनि तुरुन्त सम्पर्क गर्नुहोला।
सम्पर्क :
सेक्टर वान सेक्युरिटी सर्भिस
बिर्तामोड-१, झापा, हिमरेश मार्ग
फोनः ९७०००६८५४०, ९८०१४४५००३

सयपत्री बालुवा प्रशोधन उद्योग
उच्च गुणस्तर सुलभ मूल्य
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp:
९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक
१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस्! तपाईंको सेवामा!
हाम्रो स्थानहरू :
बिर्तामोडमा हिकोला रोड
फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

वैदेशिक रोजगार
के तपाई विदेश जान चाहनुहुन्छ? यदि सस्तो, भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने ब्रदर्श इन्टरनेशनल इम्प्लोइमेन्ट प्रालिलाई सम्झनुहोस्। हामी दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ।
सम्पर्कः ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

महत्वपूर्ण कागजात हराएको सूचना
शिवसताक्षी- ८ गुराँस चौकबाट झिलझिले जाने क्रममा यही मिति २०८२।१०।०५ गते मेरो निम्न व्यहोराको महत्वपूर्ण कागजात हराएको हुँदा भेट्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
नाम : नारायणप्रसाद शिवाकोटी
ठेगाना : शिवसताक्षी- ८, झापा
नागरिकता नं. : ८५२४१२१५
राष्ट्रिय परिचयपत्र नं.: ६४०-७६५-१
सम्पर्क नं. : ९८०४९६१९८४

सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस्।
बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)

UNited International Group
UAE मा रोजगारीको अवसर
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशनल ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD.
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com


## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति : २०८२/१०/२४*

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकाले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९ को दफा १० (९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला। तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| बालकृष्ण गिरी समेत | पाराखोपी-६ | २४९० | ०-१-०-० | सन्तलाल राजवंशी |

## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९ को दफा १० (९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला। तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| कृष्णमाया भट्टराई | पथरिया-९ | ९०३ | ९८००.०० | जग्गु लाल राजवंशी/सदर केरकेरु |
| जिमारदिन मिया | पथरिया-४ | २७६ | १७३५.०० | धैला राजवंशी |
| चित्रा देवी खडका | शान्तिनगर-९ | २०१६ | ०-५-० | पदम बहादुर कटुवाल/याम बहादुर कटुवाल |
| खेम बहादुर भण्डारी | राजगढ-५ | १९३८<br>१९४० | ३१७२.५०<br>३९५५.०० | पदम बिनोद उपाध्या |
| कूलप्रसाद अधिकारी | धुलाबारी-२ | ३३८९ | ०-१-० | वहित किरान/वहिरा किसान |
| गिरीराज निरौला | राजगढ-५ | १९३७<br>१९३९<br>१६१५ | २७४२.००<br>४३८८५.००<br>१६९३.१५ | पदम बिनोद उपाध्या |
| टेकबहादुर सेडाई | दमक-८ | २०६ | १-१-० | टेकु मुसहर/टेपु मुसहर |
| उर्मिला कुमारी ताजपुरिया | पाँचगाछी-१ | १४९२ | ०-०-५ | पथ्थर/पथर ताजपुरिया |